# भूमे साप्ताहिक

वर्ष ४ अङ्क १० २०७९ फागुन १७ बुधबार



**सम्पादकीय**

## ओखर उत्पादनको हब बनाऔं

डिभिजन वन कार्यालय रुकुमपूर्वले टर्कीबाट दाँते ओखरका विरुवा ल्याएर जिल्लाका कृषकहरुलाई बाँडेको छ। १६ हजार फर्नर जातको ओखरको बिरुवा किसानहरुलाई बाँड्नुका साथै यही साता अभियानकै रुपमा रोप्ने काम पनि भइसकेको छ।

तीनवटा पालिका मात्रै भएको हाम्रो रुकुमपूर्व उच्च पहाडी भूभाग भएको जिल्ला हो। यहाँको भौगोलिक अवस्थिति, हावापानी र प्राकृतिक अवस्थाले पनि ओखर लगायतका फलफूल खेती राम्रो हुने ठाउँ हो। सिँचाइ नहुने उच्च पहाडी क्षेत्रका भिरालो खेतबारी बाँझै रहेको बेला सरकारी तहबाटै नगदे फलफूलको रुपमा रहेको ओखरको विरुवा पाउँदा यहाँका कृषकहरुमा खुसी छाएको छ।

स्थानीय सरकारको सक्रियता, जिल्लाका सरकारी निकायहरुको पहल र स्थानीयबासीको चासो, माग र उत्सुकताले रुकुमपूर्वमा निर्वाहमुखी खेतीभन्दा नगदे फलफूल तथा तरकारी खेती बढ्दै जान थालेको छ। विषादी र रासायनिक मलबिना खेतीपाती गर्न नै आँट नगर्ने अवस्थामा रुकुमपूर्वलाई अर्गानिक जिल्ला घोषणा गर्नु आफैमा निकै चुनौतीपूर्ण कदम थियो। अहिले दाँते ओखरको खेतीका लागि टर्कीदेखि ल्याइएका विरुवाहरु एकै दिन १६ हजारको संख्यामा रोपण गर्नुले यहाँका कृषकहरुमा आशा पलाएको छ। निर्वाहमुखी खेतीभन्दा माथि उठेर नगदे बालीको रुपमा तरकारी तथा फलफूल खेतीले आफूहरुको जीवनस्तर केही माथि उठ्छ कि भन्ने यहाँका बासिन्दाको विश्वास छ। जिल्लाबासीको आशा एवं विश्वास, स्थानीय सरकार र सरकारी निकायको पहल एवं प्रयासलाई सफल बनाउन ओखर लगायतका फलफूल खेतीमा जिल्लालाई आत्मनिर्भर र नमुना बनाऔं। विदेशसम्म निर्यात गर्ने गरी रुकुमपूर्वलाई ओखर उत्पादनको हब बनाऔं।

**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# एकै दिन रोपियो १६ हजार दाँते ओखरका विरुवा



*ओखरको विरुवा रोप्दै सांसद पूर्णबहादुर घर्ती, गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ र उपाध्यक्ष सविना बुढा*

वर्षौंदेखि बाँझो रहेका रुकुमपूर्वका खाली जग्गामा केही दिनदेखि चहलपहल रह्यो। स्थानीय बासिन्दा खाडल खन्ने, मलको व्यवस्थापन गर्ने र बिरुवा लगाउने काममा व्यस्त भए। व्यक्तिगत र सामूहिक रूपमा कलमी टर्कीका दाँते ओखर लगाउन व्यापक तयारीमा जुटे।

डिभिजन वन कार्यालय रुकुमपूर्वले किसानको आम्दानी बढाउन ओखरका बिरुवा खरिद गरेर किसानलाई बाँडेको थियो। “सित्तैमा बिरुवा पाएपछि बाँझो जग्गामा धमाधम लगाइयो” भूमे गाउँपालिका-३ झुम्लाबाङका रामबहादुर बुढा मगरले भन्नुभयो, “बिरुवा हुर्केपछि आम्दानी पनि राम्रै होला भन्ने आशा छ।”

डिभिजन वन कार्यालयले टर्कीबाट फर्नर जातका बिरुवा ल्याएको हो।तीन-चार वर्षमै फल्ने ओखरका बिरुवा दुई वर्ष टर्कीमै हुर्केका थिए।जिल्लामा मङ्गलबार एकै दिनमा सोह्र हजार टर्कीबाट ल्याइएको दाँते ओखरका बिरुवा रोपिएको छ।

प्रतिनिधि सभा सदस्य पूर्णबहादुर घर्ती, लुम्बिनी प्रदेशका वन तथा वातावरण मन्त्री दुर्गाप्रसाद चौधरी एवम् प्रदेश सांसद्हरू र जिल्लास्थित स्थानीय सरकारका प्रमुख तथा प्रतिनिधिको उपस्थितिमा ती बिरुवा रोपिएको डिभिजन वन अधिकृत जितेन्द्रसिंह खड्काले बताउनु भयो।

डिभिजन वन कार्यालय रुकुमपूर्वको आयोजनामा मङ्गलबार एकै दिन जिल्लाको विभिन्न ठाउँमा गरी सोह्र हजार टर्कीका दाँते ओखर रोपिएको खड्काले जानकारी दिनुभयो।

प्रतिनिधि सभाका सांसद् पूर्णबहादुर घर्तीले कृषकको आयआर्जन गराउने उद्देश्यले सरकारले निःशुल्क रूपमा

बाँडेको ओखरका बिरुवा कृषकले राम्रोसँग रेखदेख गरी आम्दानीको मुख्य स्रोत बनाउनु पर्ने बताउनु भयो। "जिल्लाको माथिल्लो क्षेत्रमा बाँझो रहेका जग्गा अब खाली रहने छैनन्" उहाँले भन्नुभयो, "यसले यहाँका जनताको आयस्तर पनि बढाउने छ।"




जिल्लाभरबाट छनोट भएका एक सय ३८ जना किसानलाई वितरण गरिएका १६ हजार बिरुवा मङ्गलबार एकै साथ लगाइएको डिभिजन वन कार्यालयले जनाएको छ। प्रत्येक किसानले न्यूनतम १० बोटदेखि ६६ सम्म ओखरको बिरुवा लगाएका छन्। भूमे गाउँपालिका-३ बिरुवा रोपेर सुरुवात गर्नुभएको थियो। सिस्ने गाउँपालिका-५ रुमालबारामा मन्त्री दुर्गाप्रसाद चौधरी लगायत जनप्रतिनिधिहरु र पुथाउत्तरगंगा गाउँपालिकामा डिभिजन वन कार्यालयको कर्मचारीसँगै वडाका



झुम्लाबाङमा सांसद पूर्णबहादुर घर्ती, जिल्ला समन्वय समितिका उपप्रमुख मोहनबहादुर केसी, गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, उपाध्यक्ष सविना बुढा लगायतले जनप्रतिनिधिको उपस्थितिमा दाँते ओखरको बिरुवा रोप्ने कार्य सुरु गरिएको थियो।

*कखरा डट कमबाट*

# महतमा साप्ताहिक सरसफाइ अभियान शुरु



❖ **बालाराम शेर्पाली**

रुकुम पूर्वको भूमे गाउँपालिका वडा नं. ६ महतमा हरेक हप्ताको शनिबार बजार सरसफाइ गर्न थालिएको छ। महत बजारलाई व्यवस्थित र सुन्दर बजारको रुपमा स्थापित गर्न साप्ताहिक सरसफाई कार्यक्रम शुरु गरिएको फोहोर व्यवस्थापन समिति अध्यक्ष लक्ष्मी बुढाले बताउनु भयो।

सरसफाइको महत्व बुझेर गाउँले सबै मिलेर साप्ताहिक रुपमा सरसफाइन गर्ने निर्णय गरिएको अध्यक्ष बुढाले बताउनु भयो। 'हेर्दा र सुन्दा सामान्य लागे पनि बजार र गाउँघर सरसफाइको कार्य महत्वपूर्ण र गम्भीर बिषय हो, अध्यक्ष बुढाले भन्नुभयो, 'हामी व्यक्तिगत रुपमा जति सरसफाइ गरे पनि हाम्रो वरपरको वातावरण सफा नभएसम्म हामी स्वच्छ र सफा छौं भन्न सकिदैन्।

गरेको छ। निर्णय कार्यप्रति अहिले सबैतिर प्रशंसा र उक्त कार्य राम्रो भएको भूमे गाउँपालिका अध्यक्ष होम प्रकाश श्रेष्ठले बताउनु भयो। सरसफाइ अभियानले सभ्य नागरिक, सभ्य गाउँ, सभ्य बजारको परिचय दिने भन्दै श्रेष्ठले समितिको अभियानमा सबैले सहभागी हुन आग्रह गर्नुभएको छ।

उहाँका अनुसार हरेक हप्ताको शनिबार निश्चित क्षेत्र तोकेर त्यसभित्र पर्ने सार्वजनिक स्थल सरसफाइ गर्ने योजना रहेको छ। त्यस्तै समितिले उक्त क्षेत्रमा राखिएका निर्माण सामग्रीहरु ढुङ्गा, बालुवा गिट्टी जाली दाउरा लगायतका सामग्री राखिएको स्थानको पूर्ण सरसफाइ गर्ने सर्तमा बढीमा एक हप्तासम्म मात्र राख्न पाउने निर्णय गरिएको छ।

**सरसफाइमा अटेरी गरे के गर्ने ?**

सरफाइ कार्यमा अटेरी गरी एक हप्ताभन्दा बढी राखेमा प्रत्येक दिन रु. १ सयका दरले शुल्क र सरसफाइ नगरेमा रु. ५ सय जरीवाना गर्ने निर्णय पनि गरिएको छ। समितिले सम्पूर्ण नागरिकलाई वातावरणीय सरसफाइ विना व्यक्तिगत सरसफाइको के अर्थ भनेर प्रश्न पनि

# कसरी शुरु भएको थियो अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस ?

अन्तर्राष्ट्रिय महिला आन्दोलनको इतिहासलाई हेर्दा सन् १८५६ मार्च ८ का दिन अमेरिकाको न्यूयोर्क शहरको कपडा कारखानामा काम गर्ने महिलाहरुले आफूमाथि भएको उत्पीडन, समान कामको असमान ज्यालाको विरोध, दैनिक १८ घण्टा कामको समयलाई घटाएर १० घण्टामा झार्नुपर्ने जस्ता आवाज उठाउँदै हड्ताल गरेका थिए। यो आन्दोलन नै विश्वका महिलाहरुलाई प्रेरित गर्ने विश्वको प्रथम संगठित श्रमिक महिला आन्दोलन बन्यो।



वृद्धावस्थामा क्लारा जेट्किन युवावस्थामा

अठारौं शताब्दीको अन्तसम्म पनि विश्वका कतिपय मुलुकमा केही कुलीन वर्गले मात्र राजनीतिमा भाग लिन पाउने कानुनी व्यवस्था थियो। समयको मागअनुसार अन्य निम्न वर्गले पनि चुनावमा भाग लिन पाउने व्यवस्था हुँदै गयो। तर, मतको वजन वर्गअनुसार फरक थियो। रुसमा १ जना जमिनदार बराबर ५ जना किसान र एक जना पुजीपति बराबर ३ जना श्रमिकको मत मानिन्थ्यो। महिला मताधिकारबाट वञ्चित थिए।

१८६५ मा बेलायतका महिलाले मेनचेस्टरमा महिला मताधिकार समिति गठन गरी महिला मताधिकारको पक्षमा संकलित हस्ताक्षरसहित समान मताधिकारको विषयमा तयार गरिएको विधेयक १८६७ मा जोन स्टुआर्ट मिलमार्फत ब्रिटिस संसद्मा पेस गरे। महिला मताधिकारको विषयले संसद्मा औपचारिक प्रवेश पाएको यो पहिलो घटना थियो।

महिला मुक्तिलाई श्रमजीवी वर्गको आन्दोलनसँग जोडेर आमूल परिवर्तनको अभियानको नेतृत्व गर्दै क्लारा जेटकिनलगायत महिला निरन्तर क्रियाशील रहे। सन् १८६८ मा कार्लमाक्र्सले महिला अधिकारको प्रश्नलाई सशक्त ढंगले उठाउँदै रोजगारीमा महिलाले अवसर पाउनुकासाथै शिशु स्याहार लगायतको व्यवस्था गरिनुपर्ने मागमा जोड दिए। श्रमिक महिलालाई विश्व श्रमिक आन्दोलनमा सहभागी हुन आग्रह गरे।

१८७१ को पेरिस कम्युन (१८ मार्च-२८ मे) को असफलतापछि पुँजीवादी शासकले श्रमिक आन्दोलनलाई निर्ममतापूर्वक दबाउन थाले। यो अवस्थालाई चिर्न र श्रमिक वर्गको मुक्तिका लागि सामाजिक जनवादी श्रमिक पार्टीको गठन भयो। महिला श्रमिक पनि त्यसमा संगठित हुन थाले। यसरी श्रमिक महिला राजनीतिक दलमा समेत सहभागी हुन पुगे।

१८८९ मा पेरिसमा श्रमिकहरूको ऐतिहासिक अन्तर्राष्ट्रिय सम्मेलन भयो। त्यहाँ समान कामको समान पारिश्रमिक हुनुपर्ने कुरा उठ्यो। महिला अधिकारको बारेमा व्यवस्थित, स्पष्ट र सशक्त रूपमा समानताको कुरा उठेको यो नै पहिलो घटना थियो। १८९० बाट महिला मताधिकारमा काम गर्दै आएका संगठन एकजुट हुन थाले।

अमेरिकाका विभिन्न महिला संघहरू मिलेर अमेरिकी राष्ट्रिय महिला मताधिकार संघ गठन गरे। त्यसले अमेरिकामा मताधिकारसम्बन्धी आन्दोलनलाई सशक्त ढंगले अगाडि बढाउन थाल्यो। त्यसको प्रभाव अन्य देशमा पनि पर्न थाल्यो। ब्रिटिस संसद्मा महिला मताधिकारका बारेमा कुरा उठेको २५ वर्षपछि १८९३ मा महिलाले मताधिकार पाउने विश्वकै पहिलो देशको रूपमा न्युजिल्यान्डका महिलाले मताधिकार प्राप्त गरे। त्यस घटनाले विश्वभरका महिलामा आशाको किरण फैलन थाल्यो।

१८९२ बाट क्लारा जेटकिनको सम्पादनमा जर्मनीको श्रमिक महिला आन्दोलनको मुखपत्र **समानता** पाक्षिकको माध्यमबाट अन्तर्राष्ट्रिय क्षेत्रमा नै महिलाबीच सचेतना अभियानका लागि प्रेरित गर्न थाल्यो। त्यस्तै १८९७ को आठ मार्चका दिन त्यहाँको मजदुर आन्दोलन सँगसँगै कामको घण्टा घटाउने र समान ज्याला दिने व्यवस्था होस् भनेर अमेरिकाको न्यूयोर्क शहरमा श्रमिक महिलाहरुले पुनः विशाल जुलुस प्रदर्शन गरे। यिनै आन्दोलनको पृष्ठभूमिमा सन् १९०७ मा जर्मनको स्टुटगार्डमा १३ देशका समाजवादी महिलाहरुको प्रथम अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भयो। उक्त सम्मेलनले अन्तर्राष्ट्रिय समाजवादी नेतृ क्लारा जेट्किनलाई महासचिव चुनेको थियो। सम्मेलनको लगत्तै सन् १९०८ मार्च ८ मा क्लारा जेट्किनको नेतृत्वमा अमेरिकाको न्यूयोर्क शहरमा श्रमिक महिलाहरुले मताधिकारको माग राखेर संघर्ष गरे।

सन् १९०९ को आठ मार्चका दिन अमेरिकाको शिकागो शहरमा श्रमिक महिलाहरुले राजनीतिक अधिकारको माग गर्दै अझ व्यापक र शक्तिशाली आन्दोलन गरेका थिए। आन्दोलनप्रति अमेरिकी जनताको चासो र समर्थन बढ्दै गएपछि सन् १९२० अगस्त २६ का दिन अमेरिकी संविधानको उन्नाइसौं संशोधनद्वारा महिलाहरुलाई मताधिकार दिन अमेरिकी सरकार बाध्य भयो। सन् १८४८ को जुलाई १९ र २० मा अमेरिकाको सेनेकाफल्स (न्यूयोर्क) महिला सम्मेलनले पारित गरेको महिलाहरुको समान मताधिकारको माग पूरा गराउन अमेरिकी महिलाहरुले ७२ वर्ष लड्नुपरेको अमेरिकी महिला आन्दोलनको इतिहासमा पाइन्छ।

विश्व महिला मुक्ति आन्दोलनलाई संस्थागत रुप दिदै अन्तर्राष्ट्रियकरण गर्ने कुरामा समाजवादी महिला नेता क्लारा जेट्किनको प्रमुख भूमिका रहेको छ। सन् १९१० मा डेनमार्कको कोपेनहेगनमा भएको महिलाहरुको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा क्लारा जेट्किनको ८ मार्चलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रुपमा मनाउने प्रस्ताव सर्वसम्मतले पारित भएको थियो। सम्मेलनले ८ मार्चको संघर्षशील परम्परालाई स्थापित गर्दै ८ घण्टा श्रम समय लागु गर्ने, मातृ शिशु कार्यक्रम सञ्चालन गर्ने, महिलाहरुले पनि राजनीतिक कार्यमा सक्रियरुपमा भाग लिन पाउनुपर्ने जस्ता मागहरु अघि सारेको थियो। सो सम्मेलनपछिको सन् १९११ को आठ मार्चदेखि यसलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रुपमा मनाउन थालिएको हो।

सन् ५० को दशकदेखि विश्वव्यापीरुपमा महिला सम्बन्धी विषयले ठूलो महत्व पाउँदै जान थाल्यो। सन् १९७५ लाई संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रिय नारी वर्षको रुपमा मनाउने निर्णय गर्‍यो र १९७५ देखि १९८५ को दशकलाई विश्वभरि नारी दशकको रुपमा मनाइयो।

यही प्रभावस्वरुप नेपालमा नारी दशककै कालदेखि अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने प्रचलन शुरु भयो। तर नेपालको निरंकुश सामन्ती पञ्चायती व्यवस्थाको कारण भेला हुने, संगठित हुने अधिकार नपाउँदा नेपाली महिलाहरुले लुक्दै छिप्दै, कतिपय ठाउँमा

पञ्चायती शासनको दमनको प्रतिरोध गर्दै र यातना सहँदै आठ मार्चको गौरवशाली इतिहासलाई स्मरण गर्दै आएको पाइन्छ।

नेपाली महिला आन्दोलनको इतिहास हेर्दा सर्वप्रथम नेपालको एकीकरणपछि बेलायती साम्राज्यवादसँगको नालापानी र कॉगडाको युद्धमा इन्द्रेणी थापा र सावित्रीदेवी जस्ता देशभक्त महिलाहरु ठूलो हिम्मतका साथ लडेका थिए। पिठ्यूँमा बच्चा बोकेर युद्धमा होमिएका नेपाली महिलाहरुको वीरता देखेर अंग्रेज सेनाको सातो गएको कुरा इतिहासमा पाइन्छ।

नेपाली महिलाहरुको संगठित आन्दोलन भने योगमाया न्यौपानेले शुरु गरेकी थिइन्। भोजपुर, मजुवा बेसीकी योगमाया न्यौपानेले आध्यात्मिक तरीकाबाट राणाशाहीको बिरोध गर्दै नारीहरुको हितको निम्ति कल्याणकारी सामाजिक सुधार र पुरोहितवादका अमानवीय चलनहरुको खारेजी लगायतका चौबिस माग अघि सारेर आन्दोलनमा उत्रिएकी थिइन्। राणाशाहीले उनीहरुको माग पूरा गर्नुको साटो चार शहीदलाई फॉसी दिएपछि निराश भएर वि.सं. १९९८ मा आफ्ना ६४ अनुयायीसहित अरुण नदीमा जल समाधि लिएकी थिइन्।

नेपाली महिलाहरुको संगठित आन्दोलनको चर्चा गर्दा वि.सं. १९७५ मा मोरङमा योगमाया कोइराला, मोहनकुमारी कोइराला, दिव्या कोइरालाहरुले महिला समिति गठन गरेको पाइन्छ। वि.सं. २००२ मा चन्द्रकान्ता मल्लले स्त्री शिक्षाका माध्यमबाट राजनीतिक जागरणको शुरुवात गरेकी थिइन्। वि.सं. २००३ सालमा रेवन्ता आचार्यको आदर्श महिला संघ, वि.सं. २००४ मा कामाक्षादेवी, साधना प्रधान, सहाना प्रधान, पुण्यप्रभा ढुङ्गाना, रजनी चम्पा, मायादेवीहरुले महिला संघको माध्यमबाट राजनीति शुरुवात गरेका थिए। त्यस्तै वि.सं. २००४ सालमै मोरङ जुट मिल मजदुर आन्दोलनलाई सहयोग पुर्‍याउँदै महिलाहरु पनि पुरुषसँगै आन्दोलित भएका थिए। यसै आन्दोलनमा जेल परेकी कामिनी गिरीलाई नेपालको पहिलो श्रमिक महिला नेता मानिन्छ। महिलाले पढ्न, प्रवेशिका परीक्षा दिन र भोट हाल्न पाउनुपर्ने माग राख्दै पद्म शमशेरकहॉ धर्ना र बिरोध गर्दा वि.सं. २००४ सालमा काठमाडुमा साधना प्रधान, स्नेहलता, कनकलता र सहाना प्रधान जेल परे। यसै आन्दोलनको माध्यमबाट नेपाली महिलाहरुले प्रवेशिका परीक्षा दिने र भोट हाल्ने अधिकार प्राप्त गरेका थिए। जहॉनिया राणा शासनको कालखण्डमा नेपाली महिलाहरुले गरेका यी संघर्षपूर्ण इतिहासलाई आठ मार्चको सन्दर्भमा नेपाली महिलाहरुले स्मरण गर्नु आवश्यक छ।

जब-जब अन्याय अत्याचारले सीमा नाघ्छ तब त्यहॉ जबर्जस्त बिद्रोहको शुरुवात हुन्छ। इतिहासको प्रत्येक कालखण्डमा जब-जब राष्ट्रमा संकट आउँछ पिठ्यूँमा बच्चा बोकेर राष्ट्रियता जोगाउन नालापानीको लडाइँदेखि राणाशासन बिरुद्धको २००७ सालको क्रान्ति, २०१७ सालको शाही कू को बिरोध, २०३६ सालको आन्दोलन, २०४६ सालको जनआन्दोलन, २०५२ सालदेखि शुरु भएको जनयुद्ध, २०६२/६३ को जनआन्दोलनसम्म आइपुग्दा हरेक राजनीतिक लडाइँको अग्रमोर्चामा रहेर नेपाली महिलाहरुले रगत पसिना बगाउँदै निर्णायक भूमिका खेलेको इतिहास साक्षी छ। दश वर्षे जनयुद्धको क्रममा धेरै समस्या र पीडाका बावजुद महिलाहरु जनमुक्ति सेना बनेर युद्धमोर्चामा खटिनेदेखि सिङ्गो परिवार र सामाजिक दायित्व एक्लै खेपेर आफ्नो क्षमता सबैसामु छर्लङ्ग देखाइसकेका छन्। जनयुद्धको क्रममा महिला बिरुद्धका शास्त्र तोडिएका छन्। शस्त्र उठेका छन्। महिलाहरुका लागि वर्जित रुढीग्रस्त मान्यता तोडिएका छन्। यी सबै उपलब्धिहरुलाई पनि आठ मार्चको सन्दर्भमा स्मरण गर्नु जरुरी छ।

# मगर जातिको मौलिक संस्कृति झाँक्री नाच



भूमे गाउँपालिका - १ लुकुम गाँउका झाँक्री टोली Photo: Jyoti Simha

❖ चन्द्रसिंह श्रेष्ठ

अग्लो पहाडको फेदीमा छ, लुकुम गाउँ। संघीयताले जन्माएको देशकै कान्छो जिल्ला रुकुम पूर्वको भूमे गाउँपालिका–१ मा पर्ने यो ठाउँमा खाम मगर जातिको बसोबास छ। यिनै मगर जातिको मौलिक संस्कृति मध्येको एक हो, झाँक्री मेला। धामी–झाँक्री रुढीवादी र अन्धविश्वासी जीवन पद्धति नै हो तर यहाँका लागि भने मौलिक संस्कृति पनि हो। हरेक वर्ष साउन पहिलो साता लुकुम गाउँमा झाँक्री मेला लाग्ने गर्छ।

गाउँछेउको पूर्वतिर अवस्थित चौतारोमा अग्ला धुपी सल्लाका रूख छन्, त्यही धुपी सल्ला भएको ठाउँमा भेला हुन्छन्, गाउँभरका झाँक्री। १ र २ साउनलाई छाडेर आउने सोम, मंगल र शनिबारमध्ये एक दिन यो मेला आयोजना गर्ने प्रचलन रहेको बताउँछन्, स्थानीय झाँक्री समूहका अध्यक्ष जोधे पुन। उनका अनुसार धेरै वर्ष पहिले यहाँका स्थानीयलाई भूतप्रेतले सताएपछि त्यसलाई भगाउन तन्त्रमन्त्र प्रयोग गरिएको थियो। तिनै झाँक्रीले गाउँबाट भूतलाई लखेटेको खुसियालीमा हरेक वर्ष यो मेला आयोजना गरिन्छ।

विधि जानेका र तन्त्रमन्त्र बुझेका झाँक्री घरघरै भएको लुकुम गाउँमा हरेक वर्ष ३०-४० जना झाँक्री एक ठाउँमा भेला भएर नाच्दा माहोल छुट्टै हुन्छ। स्थानीय बुद्धिजिवी रुजिधन घर्ती मगरका अनुसार "अनुहारमा मोसो दलेका र झाँक्री बस्त्र

पहिरिएका तान्त्रिकको यो जमघट अर्थात् झाँक्री मेला लुकुम र भूमे गाउँपालिकाको मौलिक संस्कृति र चिनारी पनि हो।"

गाउँमा रहेका हरेक थरबाट कम्तीमा एक जना झाँक्री नाच्न तयार हुनुपर्छ। झाँक्री पठाउन नसक्ने थरलाई भने जरिवाना तोकिएको छ। झाँक्री भएर पनि सहभागी नपठाउनेलाई १ हजार र झाँक्री नै नभएकालाई ७ सय रुपैयाँ जरिवाना लाग्ने स्थानीय नियम रहेको छ। यसरी जरिवाना बापत उठेको रकम त्यही झाँक्री समूहले मेला व्यवस्थापनमा खर्चिन्छ।

भूमे गाउँपालिकाका पूर्व अध्यक्ष रामसुर बुढाका अनुसार यस्ता संस्कारमा झाँक्रीका सहयोगी अर्थात् चेलालाई भान्जा भन्ने चलन छ। यिनै भान्जा पछि गएर झाँक्री बन्छन्। भान्जा बन्न चाहनेमा धेरैजसो युवा हुन्छन्। पाहुनालाई सिस्नोले पोलेर स्वागत गरिने यो मेलामा सहभागी हुन स्थानीय मात्र होइन, वरपरका गाउँले पनि मरिहत्ते गर्छन्। झाँक्री मेला र सिस्नो मेला निकै ठूलो रौनकका साथ मनाइन्छ।

## संक्षेपमा पर्यटकीय गन्तव्य झाँक्री नाच लुकुम

| | |
|---|---|
| **पर्यटकीय गन्तव्यको नाम:** | **झाँक्री नाच थलो लुकुम** |
| **स्थान:** | भूमे गाउँपालिका वडा नं. १ स्थित लुकुम गाउँ |
| **विशेषता** | लोप हुने अवस्थामा रहेको |
| **पूर्वाधार र अन्य सुविधाको अवस्था:** | • मध्यपहाडी लोकमार्गबाट सहज पहुँच |
| **प्रस्तावित गन्तव्य नजिकका अन्य आकर्षक गन्तव्य** | • नजिकै जारी खोला र धुपी सल्लाको रुख, मगर घना बस्ति र यस वरिपरिका रमाइला परिदृश्य<br>• सडकको सहज पहुँचले गर्दा सबैतिरबाट आवतजावत गर्न सकिने |
| **पर्यटकले समय व्यतीत गर्न सक्ने आधार** | • परम्परादेखि चल्दै आएको यो पर्व १ हप्तासम्म चल्ने भएकोले उक्त अवधिभर आन्तरिक तथा बाह्य पर्यटकहरुले कम्तिमा १ हप्ता समय व्यतित गर्न सक्ने आधार<br>• उक्त पर्वका बारेमा अध्ययन अनुसन्धान गरी प्रचारप्रसार र प्रवर्द्धनमा योगदान पुऱ्याउन सकिने |
| **लोकप्रियता** | मौलिक सँस्कृतिमा आधारित पर्व, यसका लागि सम्बन्धमा विभिन्न स्तरबाट अध्ययन अनुसन्धानका लागि स्थलगत अवलोकन भइरहेको |
| **सुरक्षा प्रबन्ध/संरक्षण** | सुरक्षा तथा संरक्षण उचित प्रबन्ध नभएको |
| **हालसम्मको भौतिक तथा वित्तीय लगानी र प्रतिफल** | विदेशका रहेका स्थानीय बासिन्दाहरु र व्यक्तिहरुबाट झाँक्री नाच स्थलको विस्तार तथा दर्शकहरुको लागि बस्न सजिलो हुने प्यारापिटको व्यवस्थाका साथै राक्सो निकाल्ने स्थानको संरक्षण भएको भएता पनि न नासरकारी तवरबाट हालसम्म पर्याप्त योजना तथा लगानी नभएको |
| **विकास गर्न सकिने सम्भावना** | झाँक्री पर्वस्थल, राक्सो निकाल्ने ठाउँको भौतिक पूर्वाधारको विकासका साथै झाँक्री पर्वमा संलग्न झाँक्री र भान्जाहरुलाई प्रोत्साहित गर्दै पछिल्लो पुस्तामा यसको महत्वबोध गराई संरक्षण र जगेर्नामा जोड दिने |

# चुनबाङ र सिमखोलाका पसल अनुगमन

❖ बालाराम शेर्पाली

भूमे गाउँपालिका वडा नं. ८ सिमखोला र वडा नं. ९ चुनबाङका पसल अनुगमन गरिएको छ। यही फागुन १४ गते जिल्ला प्रशासन कार्यालय, घरेलु उद्योग कार्यालय र उद्योग वाणिज्य संघको संयुक्त टोलीले पसल अनुगमन गरेको हो।

अनुगमनका क्रममा दुई वडाका २१ वटा पसलबाट १४ हजार ५ सय ४० रुपैयाँ बराबरको सामान बरामद गरेर नष्ट गरिएको थियो। मिति गुज्रेका सामानहरु जलाएर नष्ट गरिएको उद्योग वाणिज्य संघ रुकुमपूर्वका अध्यक्ष यज्ञप्रकाश मल्लले जानकारी दिनुभयो।

बजारमा भएका म्याद गुज्रिएका सामानहरु बिक्री भइरहेको पाइएको र यस्ता सामान बिक्री गर्न नमिल्ने भएकाले प्रत्येक बजारमा गएर अनुगमन गरिरहेको घरेलु तथा साना उद्योग कार्यालय रुकुमपूर्वका अधिकृत मधुकर डाँगीले बताउनु भयो। म्याद गुज्रेका खाद्य वस्तु सेवन गरे स्वास्थ्यमा हानी हुने भन्दै डाँगीले यस्ता खाद्य वस्तु बिक्री नगर्न व्यापारीहरुलाई सुझाव दिनुभयो।

बजार अनुगमनमा घरेलु तथा साना उद्योग अधिकृत मधुकर डाँगी, उद्योग वाणिज्य संघ रुकुमपूर्वका अध्यक्ष यज्ञप्रकाश मल्ल, भुमे गाउँपालिका वडा नं. ९ का अध्यक्ष बिनोद बुढा, जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालयका कर्मचारी, प्रहरी एवं जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो।

**कविता**

## प्यारो स्कूल

औधी माया गर्नुहुन्छ मेरा प्यारा गुरु
स्कूलको गुणको कहाँबाट गरुँ मैले शुरु।

आमाजस्तै गर्नुहुन्छ गुरुआमा माया
शिक्षा लिन्छु बेलैमा हुन्न दायाँ बायाँ।

धेरै राम्रो प्रगति र पढाइ यहाँ हुने
मीठा मीठा शब्द प्रयोग सबका मन छुने।

खाबाङमा पनि यसले राम्रो नाम पायो
कोर्जा नै राम्रो स्कूल भनी नाम आयो।

यहीबाट कोही डाक्टर कोही पाइलट बने
लाग्छ मलाई पाप हजुर नराम्रो भने।

मेरो प्यारो स्कूल राख्नु नाम यहाँ उच्च
सधैंभरि अमर रहोस् यति भए पुग्छ।

दिलकुमारी नेपाली
स्कूल : श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय
भूमे-८, कोर्जा, रुकुमपूर्व

### बाल प्रतिभा स्तम्भका लागि अनुरोध

भाइबहिनीहरु, तपाईंहरुले चित्र बनाउँदा सेतो कागज (ह्वाइट पेपर) वा ड्रइङ पेपरमा बनाउनु होला। धर्सा भएको कापीमा बनाएको तस्बिर छाप्न योग्य हुँदैन। चित्रको तल सानो अक्षरमा आफ्नो नाम, उमेर, कक्षा र विद्यालयको नाम लेख्न नभुल्नुहोला।
चित्रका साथै भाइबहिनीहरुले कविता, गीत, गजल पनि लेखेर पठाउन सक्नुहुनेछ। साहित्यिक सिर्जना वा चित्रहरु गाउँपालिकाको केन्द्र खाबाङबगर, वडा कार्यालय वा हाम्रो इमेल news.bhume@gmail.com मा सिधै पठाउन सक्नु हुनेछ।

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

**१. एसिया डेभलपमेन्ट लिडरसिप अवार्ड, २०२२ बाट सम्मानित हुने नेपाली को हुन् ?**

≅ सुरेन्द्र भट्टराई

– मलेसियास्थित विश्वभर अनुसन्धान/खोजमा कार्य गर्दै आएको रिसर्च अन्डर लिटरल एक्सेस नामक संस्थाले नेपालका सुरेन्द्र भट्टराईलाई अन्तर्राष्ट्रिय अवार्डबाट सम्मानित गरेको ।

**३. अन्तर्राष्ट्रिय सङ्गीत दिवस कहिले मनाइन्छ ?**

≅ जुन २१ (सङ्गीत दिवसको सुरुवात सन् १९८२ मा फ्रान्सबाट भएको मानिन्छ ।नेपालमा वि.सं. २०५५ देखि यो दिवस मनाउन थालिएको ।)

**४. मानव जातिको भावी पुस्तामा सुधार ल्याउने उद्देश्यका साथ विकसित गरिएको जेनेटिक्स इन्जिनियरिङलाई के भनी चिनिन्छ ?**

≅ युजेनिक्स

**५. नेपालका प्रमुख पर्यटकीय गन्तव्य एवं सोसँग सम्बन्धित विविध गतिविधि समेटिएको एपलाई के भनी चिनिन्छ ?**

≅ वेलकम नेपाल

**६. नयाँ ग्रह पत्ता लागेको सैद्धान्तिक आधार प्रस्तुत गर्ने नेपाली वैज्ञानिक को हुन् ?**

≅ सुमन सत्याल

**८. लिच्छवि लिपि नामक कृतिका लेखक को हुन् ?**

≅ डा. नयनाथ पौडेल

**११. मन्ट्रियल महासन्धि कहिले जारी भएको हो ?**

≅ सन् १९९९ मे ८ (यो सन्धि सन् २००३ नोभेम्बर ४ बाट लागू भएको ।)

**१५. विराटनगर र वीरगञ्जलाई महानगरपालिका घोषणा कहिले गरिएको हो ?**

≅ वि.सं. २०७४ जेठ १७

**१६. सबैभन्दा धेरै नगरपालिका भएको जिल्ला कुन हो ?**

≅ रौतहट (१६ वटा)

**१७. भृकुटी कागज कारखाना कहिलेदेखि बन्द भएको हो ?**

≅ वि.सं. २०६७ (वि.सं. २०३७ देखि सञ्चालित सरकारी स्वामित्वको यो कारखाना २०४८ सालमा गोल्छा अर्गनाइजेसनलाई ३० करोड ९८ लाख रुपियाँमा बिक्री गरिएको थियो । यो कारखाना करिब ५६ बिघा क्षेत्रफलमा फैलिएको छ ।)

**१९. हाल अतिकम विकसित राष्ट्र सबैभन्दा बढी कुन महादेशमा रहेका छन् ?**

≅ अफ्रिका

**२१. अमेरिकी अन्तरिक्ष एजेन्सी (नासा)ले कुन ग्रहको एउटा पर्वतको नाम सगरमाथामा पहिलो पाइला राख्ने नेपाली आरोही तेन्जिङ नोर्गेको नाममा नोर्गे मोन्टस राखेको छ ?**

≅ प्लुटो

**२२. भ्रष्टाचार निवारणका सम्बन्धमा प्रधानमन्त्री जङ्गबहादुर राणाको पालामा स्थापित अड्डाको नाम के हो ?**

≅ धर्म कचहरी

*संकलन/प्रस्तुतकर्ताः टंक के.सी. गोरखापत्र दैनिकबाट साभार*

# कसरी गर्ने कागती खेती ?



कागती खेती नेपालको मध्यपहाड, वेसी र भित्री मधेशमा एक महत्वपूर्ण नगदे वालीको रुपमा विकसित हुँदै आइरहेको छ। व्यावसायिक रुपमा कागती खेतीको लागि तराई र भित्री मधेशको पानी नजम्ने ५०० मिटर उचाईदेखि मध्यपहाडी क्षेत्रको बेशी, खोंच नदी किनारा हुँदै १८०० मिटरसम्मको क्षेत्र उपयुक्त हुन्छ। गुणस्तरीय फल उत्पादनको लागि दिनमा ८ देखि १० घण्टा सूर्यको प्रकाश पर्ने, तापक्रम ५ देखि ३५ डिग्री सेल्सियस बीच रहने र हुस्सु नलाग्ने स्थानहरु उपयुक्त हुन्छन्।

कागती अमिला जातका फलफूलभित्र पर्ने एउटा उत्कृष्ट जातको फलफूल हो। सधैं एकैनासको माग हुने कागती हरेकको भान्सामा अनिवार्यजस्तै हुन्छ।स्वास्थ्यका दृष्टिले जति फाइदाजनक छ व्यापारको दृष्टिले पनि त्यत्तिकै उत्कृष्ट र फाइदाजनक छ। अहिले कागती काठमाडौं लगायत मुख्य शहरी क्षेत्रमा कम्तिमा एउटा दानाको १० देखि २० रुपैयाँसम्म पर्दछ।

पछिल्लो समय कृषकहरु कागती खेतीतर्फ आकर्षित छन्। तर, व्यावसायिक रुपमा खेती गर्ने प्रणाली भने कमै व्यक्तिहरुले गरेका छन्। कागतीको रस उद्योग क्षेत्रमा पनि उत्तिकै माग रहेको छ। कागती रसमा भिटामिन सी प्रशस्त मात्रामा पाइने हुनाले स्वास्थ्यको लागि महत्वपूर्ण फल हो।

कागती खेती गर्न पहिले त किसानले आफ्नो भुगोल, माटो, हावापानी, लगानी र बजार क्षेत्रबारे ज्ञान लिनु जरुरी छ। तपाईले खेती गरेको कति समयपछि उत्पादन दिन्छ? कति समयपछि नगद हात लाग्छ? त्यो बेलासम्म तपाईको अन्य आम्दानीले दैनिकी चल्छ चल्दैन? स्थानीय बजारमा बेच्ने हो वा सिधै काठमाडौंको कालीमाटी, पोखरा, दाङजस्ता बजार

खोज्ने वा उद्योगीहरुसँग सम्बन्ध राखेर सिधै बेच्ने यो तपाईंको उत्पादन क्षमता र व्यापार कलामा भर पर्छ।



**१. हावापानी :** कागती खेतीका लागि ५०० देखि १८०० मिटरसम्म उचाइ भएको क्षेत्र उत्तम हुन्छ। तापक्रम ५ देखि ३५ डि. सेन्टिग्रेड र वार्षिक बर्षा १००० देखि २००० मिमिसम्म उपयुक्त हुन्छ। कागतीले केही हदसम्म सुख्खा सहन गर्न सक्छ तर, तुसारो सहने शक्ति निकै कम हुन्छ।

**२. माटो : व्यावसायिक कागती खेतीको लागि माटोको महत्वपूर्ण भूमिका हुन्छ।** कागती खेतीका लागि पहाडी क्षेत्रको रातो माटो, मध्य तथा तराइमा हल्का बलौटे दोमट र पानीको राम्रो निकास भएको जमिनको सतहमुनि पनि डेढ देखि दुई मिटर माटो भएको जमिन उत्तम हुन्छ। कागती खेतीका लागि माटोको पि एच मान ५ देखि ७ उत्तम मानिन्छ।

**३. कागतीका जात**

**बनारसी :** फल सानो, लाम्चिलो र डल्लो आकारको हुन्छ। गरम हावापानीमा राम्रो उत्पादन दिन्छ। यस जातको कागतीले बर्षभरि नै लगातार फल दिने गर्दछ।

**स्थानीय :** फलहरु लाम्चा र गोल आकारका हुन्छन्। यो जात चिसो हावापानी र ओसिलो ठाउँमा राम्रोसँग हुन्छ भने बोट फैलिएको तर होचो आकारको हुन्छ। बर्षभरि नै फल लाग्छ भने यसको फल रसिलो र तिख्खर हुन्छ।

**गलगल : यसको** फल अन्डा आकारको हुन्छ भने दाना अलि ठूलो हुन्छ। बिशेष गरेर यो अचार, क्यान्डी र सर्बत बनाउन प्रयोग गरिन्छ।

**४. विरुवा रोप्ने तरिका :** १ घनमिटरको खाडल खनी प्रशस्त गोबर, पात पतिङ्गर, खरानी राखेर खाडलभरि माटोले छोपिदिनु पर्दछ। बिरुवा उक्त खाडलमा रोप्नु पर्दछ। खाडल खन्दा खाडलको दूरी ४ मिटरको अन्तरमा बनाउनु राम्रो मानिन्छ।

**५. मलखाद कति राखे ? :** बोटको बिकास एवम् अधिक फलको लागि माघ, फागुन र असार, साउनमा हरेक फल लाग्न सुरु गरेका बोटलाई १ पानी डोको राम्ररी पाकेको गोबर मल दिनु उत्तम हुन्छ। मल दिदा बोटको चारैतिर रिङ्ग बनाएर दिनु राम्रो हुन्छ।

**६. पानीको व्यवस्था :** अमिलो जातका फलफूललाई खासै सिँचाइको आवश्यकता नभए पनि सुख्खा परेको बेलामा भने पानीको कमीले फूल झर्ने, फल झर्ने, फल चाउरिने, सानो फल लाग्ने हुन्छ। पानी नजम्ने गरी बोटको वरिपरि बेसिन बनाई पानी नजम्ने गरी सिँचाइ गर्ने र सिँचाइ गरिसकेपछि १ कुरेत बाक्लो हुने गरी सोत्तरको छापो दिनु राम्रो हुन्छ।

**७. गोड्मेल कसरी गर्ने ? :** कागतीको बगैंचालाई सदैव झारपातमुक्त बनाउनु पर्दछ। बगैंचाभित्र लहरा नजाने केराउ, चना, मुसुरो पनि लगाउन सकिन्छ।

### ८. कीरा व्यवस्थापन

**कत्ले कीराहरु (Scale Insects):** कत्ले कीराहरु अचल भई फल हाँगा र पातमा टाँसिएर रस चुस्दछन्। फलको बोक्रामा दाग बनाउने हुँदा फल आकर्षक हुदैनन्। आक्रमण धेरै भएमा पात झर्ने र हाँगा नै सुक्ने हुन्छ।

**व्यवस्थापनः** एट्सो/सर्वो एग्रो स्प्रे नामक खनीज तेल १०-२० एम.एल प्रति लिटर पानीमा मिसाई फूल फुल्नु भन्दा पहिले अर्थात पौष र माघ, जेठ देखि भाद्र सम्म १५-१५ दिनको अन्तरमा बोट पुरै भिज्ने गरी छर्कने। यस कीराबाट आक्रमण भएका वोट विरुवामा मनोसिल (मोनोक्रोटोफस) विषादी २ एम. एल. प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा पूरै बोट भिज्ने गरी छर्कर्ने।

**पतेरो कीरा (Green stink bug) :** यस कीराको माउ र बच्चा दुवैले कलीला फलहरुको भेट्नुनिरबाट रस चुस्दछन्। जसको फलस्वरुप फलहरु राम्ररी छिप्पिन नपाउदै पहेंला हुन्छन् र झर्दछन्। यो कीराको प्रकोप आषढ देखि असोज सम्म निकै हुन्छ।
**व्यवस्थापनः** मनोसिल १-२ एम एल प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा पूरै बोट भिज्ने गरी छर्कने ।

**पात खाने कीरा (Leaf Miner) :** यो कीराले पातको माथिल्लो र तल्लो पत्रको बीचमा हुने हरियो भाग खान्छन्। मुख्यतया नयाँ कलीला पातमा आक्रमण गर्दछन् र कहिले कही लाभ्रेहरु विरुवाको कलिलो डाँठको बोक्राको बाहिरी र भित्री सुरुङ बनाउँदै हरियो भाग खान्छन्।
**व्यवस्थापनः** रोगर वा मनोसिल विषादीमध्ये कुनै एक २ एम.एल प्रतिलिटर पानीमा मिसाएर पूरै पात भिज्ने गरी १५-१५ दिनको अन्तरमा छर्ने।

### ९. रोग व्यवस्थापन

**फेद र जरा कुहिने रोग (Phytopthora rot) :** बिरुवाको काण्ड, जरा वरिपरि पानी जम्ने वा बढी आर्धता भएमा यो रोग लाग्दछ। यो रोग लागेमा जराहरु



कुहिन्छन्। काण्ड वरिपरिबाट सड्न थाल्दछ, पातहरु पहेलिएर झर्न थाल्दछन् र अन्त्यमा गएर पुरै बोट नै सुक्दछ ।
**व्यवस्थापन :** बोट विरुवाको जरामा भरखरै रोगले आक्रमण गरेको छ भने रोगी बोटको फेदको माटो हटाई जरालाई सिकेचरले काटी हटाउने र सो ठाउँमा बोर्डो पेष्ट लगाई वा वोर्डोमिक्चरले ड्रेन्चिङ्ग गरी पुरी दिने। बोट विरुवालाई रोगको आक्रमणबाट बचाउनको लागि बोट विरुवाहरुको काण्डमा वर्षको १ पटक माघ-फागुन महिनामा वोर्डो पेष्ट लगाउने।

**खराने रोग (Powdery mildew) :** यो रोग लागेका हाँगा र पातहरुमा सेतो पाउडर जस्तो धुलो देखा पर्दछ। पातहरु साना हुन्छन् र परिपक्क नहुदै झर्ने गर्दछ। फल उत्पादनमा कमि हुन्छ। अन्त्यमा बोट नै मर्न सक्छ।
**व्यवस्थापनः** रोगबाट आक्रमण भएका सुकेका मुनाहरुलाई काटछाँट गरी जलाइदिनु पर्दछ। पालुवा निस्कने समयमा क्याराथियन नामक विषादी ०.५ एम एल प्रति लिटर पानीमा घोली १० देखि १५ दिनको अन्तरमा २ देखि ३ पटक पूरै बोट भिज्ने गरी छर्नु पर्दछ।

**सिट्रस क्याङ्कर (Citrus cankar):** यो रोग लागेको पातहरुमा दुबैपट्टि काला र खैरा दागहरु देखिन्छन्। रोग बढ्दै गएमा हाँगाहरुमा पनि आक्रमण भई पातहरु झर्दछन्। फलहरुमा पनि काला खटिरा देखिन्छन्। बढी आर्द्रता यो रोगको लागि अनुकुल हुन्छ।
**व्यवस्थापनः** रोग लागि सुकेका मुना र हाँगाहरुलाई काटेर जलाई दिनु पर्दछ। रोगको प्रभावकारी व्यवस्थापनको लागि १ प्रतिशतको वोर्डो मिश्रण फागुन, जेष्ठ र असोज महिनामा बोट विरुवाहरुमा छर्नु पर्दछ।

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## INVITATION FOR BIDS

Invitation for Bids for procurement of Fabricated Steel Parts for Various Truss/Trail Bridges
Contract Identification No: EGP/ BRMO/TB/SQ/G-1/2079-80, EGP/ BRMO/TB/SQ/G-02/2079-80, EGP/ BRMO/TB/SQ/G-3/2079-80 & EGP/ BRMO/TB/SQ/G-4/2079-80 **First Date of Publication: 2079/11/16 B.S *(2023/02/28 A.D)***

1. The Government of Nepal (GoN) has allocated TB-SWAp funds to Bhume Rural Municipality for Trail/Truss Bridge Program and the Rural Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail/ Truss Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The Rural Municipality invites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Truss/ Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five Truss/Trail bridges within last five years and enlisted by DoLI (http://www.nepaltrailbridges.org.np/2015/fabricators) are eligible for bidding. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Bhume Rural Municipality Khabangbagar Rukum(East) Email address: bhumemun@gmail.com, phone:9808502023, 9824593456, 9813857804 or May visit: PPMO e-GP system www.bolpatra.gov.np/egp
5. Bidders can download Bidding documents for e-submission from PPMO's e-GP System www.bolpatra.gov.np/egp. Biddres, submitting their bids electronically should deposit non-refundable fee NRs. 1000.00(one thousand only I-) till 2079/12/01 B.S (2023/03/15 A.D).
6. The electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2079/12/01 B.S (2023/03/15 A.D). .bids received after this deadline will be rejected.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15:00 on on 2079/12/01 B.S (2023/03/15 A.D).
at the office of Bhume Rural Municipality, Rukum (East) Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of 2.5 % of the total estimated amount (inclusive of VAT), which shall be valid for 30 days beyond the bid validity period.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The name and identification of the contract are as follows:

| SQ ID | Description of Work (Fabrication Package) | Estimated Amount, NRs (Including VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee (NP Rs.) |
|---|---|---|---|---|
| EGP/ BRMO/TB/SQ/G-1/2079-80 | Fabrication and supply of steel parts up to road heads of Machhaina steel Truss Bridge(28m Span) | 15,38,058.98\|-( Fifteen lakh thirty eight thousand fifty eight rupee and ninety eight paisa only ) | 39,000.00\|-( Thirty nine thousand only) | 1000.00 ( one thousand only) |
| EGP/ BRMO/TB/SQ/G-2/2079-80 | Fabrication and supply of steel parts up to road heads of Gairiguan steel Truss Bridge(32m Span) | 17,82,043.09\|-( Seventeen lakh eighty two thousand forty three rupee and nine paisa only) | 45,000.00\|-(Forty Five Thousands only) | 1000.00 (one thousand only) |
| EGP/ BRMO/TB/SQ/G-3/2079-80 | Fabrication and supply of steel parts up to road heads of KorjaGhat steel Truss Bridge(28m Span) | 15,59,410.77\|- (Fifteen lakh fifty nine thousand four hundred ten rupee and seventy seven paisa only) | 39,000.00\|-( Thirty nine thousand only) | 1000.00 (one thousand only) |
| EGP/ BRMO/TB/SQ/G-4/2079-80 | Fabrication and supply of steel parts up to road heads of Kunpani Bachhakhore Trail Bridge(63m Span) | 12,33,467.88\|-(Twelve Lakh thirty three thousand four hundred sixty seven rupee and eighty eight paisa only ) | 31,000.00\|-( Thirty One Thousand only) | 1000.00 (one thousand only) |

10. Information to bidders: To deposit for purchase bid document, Name of the bank: Citizens International bank Ltd., Bhume Branch
Name of the office: Bhume Rural Municipality, Khabangbagar, Rukum (East) Ac Name and No.:GA 1.1 Bhume Ga.pa Aantarik Rajaswa Khata, 0780100000001202
To deposit for bid Security Name of the bank: Citizens Intl bank Ltd., Bhume Branch **Name of the office:** Bhume Rural Municipality, Khabangbagar, Rukum (East) Account Name and No.: GA3Bhume Ga.pa Dharauti Khata, 0780100000030201
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative officer**

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

मिति : २०७९/११/१९

**अन्तर्राष्ट्रिय महिला दिवस सम्बन्धी सूचना।**

हरेक वर्ष मार्च ८ मा मनाइने अन्तर्राष्ट्रिय महिला दिवस यस वर्ष पनि विश्वव्यापी रुपमा **"DigitALL: Innovation and Technology for Gender Equality"** भन्ने अन्तराष्ट्रिय नारा र नेपालमा "लैङ्गिक समानताको बलियो आधार: सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार" भन्ने राष्ट्रिय नाराका साथ मनाइने भएकोले यस गाउँपालिकामा पनि अन्तराष्ट्रिय महिला दिवसको अवसरमा मिति २०७९ फागुन २३ र २४ गतेका दिन तपसिलका कार्यक्रमहरु सञ्चालन गरी मनाउने कार्यक्रम रहेकोले भूमे गाउँपालिकाभित्र रहेका सम्पूर्ण बाल क्लब/सञ्जाल, आमा समूह, महिला समूह, महिला सहकारी लगायत अन्य महिला समूहहरुलाई कार्यक्रममा सहभागिताका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

| क्र.सं. | कार्यक्रम | शीर्षक | सञ्चालन हुने मिति | कै. |
|---|---|---|---|---|
| १. | अन्तरक्रिया कार्यक्रम | महिला सञ्जालका सदस्यहरुलाई नेतृत्व सीप विकास तथा अधिकारमा आधारित विकास विषयक अन्तरक्रिया कार्यक्रम | २०७९/११/२३ र २४ गते | |
| २. | लोकगीत प्रतियोगिता | महिला अधिकार तथा लैङ्गिक समानता | २०७९/११/२४ गते | समूह स्तरीय |
| ३. | वक्तृत्वकला प्रतियोगिता | लैङ्गिक समानताको बलियो आधार: सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार | | मावि स्तरीय १ छात्र र १ छात्रा) |
| ४. | सडक नाटक प्रदर्शन | महिला अधिकार तथा लैङ्गिक समानता विषयक | | कुनै एउटा बाल क्लब/सञ्जाल |

पुरस्कार राशी:

| क्र सं | कार्यक्रम | प्रथम पुरस्कार रु. | द्वितीय पुरस्कार रु. | तृतीय पुरस्कार रु. | सान्त्वना पुरस्कार रु. |
|---|---|---|---|---|---|
| १ | लोकगीत प्रतियोगिता | ४००० ।- | ३०००।- | २०००।- | १५००।- |
| २ | वक्तृत्वकला प्रतियोगिता | ४०००।- | ३०००।- | २०००।- | १५००।- |
| ३ | सडक नाटक प्रदर्शन | व्यवस्थापन खर्च | | | |

**प्रतियोगिता सञ्चालन प्रक्रिया तथा शर्तहरु:**

१. लोकगीत प्रतियोगिता समूहमा गराइने छ। समूहमा बढीमा ६ जना मात्र हुनु पर्नेछ।
२. लोकगीत प्रतियोगितामा एउटा समूहबाट एउटा मात्र टिमले भाग लिन पाउनेछ।
३. प्रतियोगितामा सहभागी हुने क्लव/सञ्जाल/समूहले मिति २०७८।११।२३ कार्यालय समयभित्र भूमे गाउँपालिकाको महिला बालबालिका तथा समाज कल्याण इकाईमा दर्ता गरिसक्नुपर्नेछ।
४. प्रतियोगिता सञ्चालनका क्रममा कुनै समस्या आएमा आयोजकको निर्णय अन्तिम हुनेछ।
५. प्रतियोगितामा सहभागी समूहले वाद्यवादनको व्यवस्था आफैले गर्नुपर्नेछ।